# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**सूचना नं २७३/०७७-७८**

**(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७७/१२/१८)**

आ.व. ०७७/०७८ मा आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित मेशिनरी सामानहरु सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी बोलपत्रसाथ तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम देहाय बमोजिम जम्मा गर्नुपर्ने छ।
   - कार्यालय कोड : २१-०००-३५०१
   - खातावालाको नाम : कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय, थापाथली।
   - जम्मा गर्नुपर्ने बैंकको नाम : नेपाल राष्ट्र बैंक, थापाथली।
   - धरौटी खाता नं : १२०-१२००-००१-००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ९० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानत पत्र (Unconditional Bid Bond) संलग्न गरी पेश गर्नुपर्ने छ।

२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन।

३. सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिहरु समेतको रोहवरमा दर्ता भएका सिलबन्दी बोलपत्रहरु खोलिने छ। सिलबन्दी बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

५. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उल्लेखित कार्यहरु क्रमशः कार्यालय खुलेको दिन हुनेछ।

६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ।

७. प्रत्येक ठेक्का नं. को फरक फरक बोलपत्र पुस्तिका (Tendar Document) खरिद गरी पेश गर्नुपर्नेछ।

८. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको जिन्सी शाखामा सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| क्र.सं | ठेक्का नं. | विवरण | जमानत रकम रु. | बोलपत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ८/२०७७/२०७८ | Optical Mark Reader Machine | १५०,०००/- | ३,०००/- | २०७८-०१-१५ (कार्यालय समयभित्र) | २०७८-०१-१६ (दिनको १२ बजे भित्र) | |
| २. | ९/२०७७/२०७८ | A3 Printing Machine | ७२,०००/- | ३०००/- | २०७८-०१-१५ (कार्यालय समयभित्र) | २०७८-०१-१६ (दिनको १२ बजे भित्र) | |